मूल्य मान्यता र मार्गदर्शक सिद्धान्तहरू

मूल विश्वासहरू

हामी सबै मम्स इन प्रेयरको विश्वासको सारलाई पालना गर्छौं र येशूलाई मुक्तिदाता र प्रभुको रूपमा व्यक्तिगत रूपमा ग्रहण गर्छौं, र येशू परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्छौं।
हामी विश्वास गर्छौं कि प्रार्थना मार्फत परमेश्वरले हाम्रा बालबालिकाहरूमाथि र विद्यालयहरूमा उहाँको शक्ति प्रवाह गर्नुहुन्छ। हाम्रो विश्वास परमेश्वरमा छ जसले हाम्रो प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ।

मूल उद्देश्य

मिसन: मम्स इन प्रेयर (MIP) इन्टरनेशनलले आमाहरूलाई प्रार्थना गर्न जम्मा गरेर ख्रीष्टको लागि विश्वभरका बालबालिका र विद्यालयहरूलाई प्रभाव पार्छ।
दर्शन: हाम्रो दर्शन यो हो कि संसारको हरेक विद्यालय प्रार्थनाले ढाकिएको हुनेछ।

मूल प्राथमिकताहरू

- प्रथम स्थान परमेश्वर
- दोस्रो स्थान परिवार
- तेस्रो स्थान सेवाकार्य

मूल ढाँचा र तरिका

- सहमतीको प्रार्थना (एकै मनको)
- प्रार्थनाको चार चरणहरू
- धर्मशास्त्रीय प्रार्थना
- विशेष प्रार्थना
- सुसमाचारीय प्रार्थना

ाmमार्गदर्शक सिद्धान्तहरू

हामी प्रभुका दास हौं, निर्देशन र सहायताको लागि उहाँमा पूर्ण रूपमा निर्भर छौं।
हामी रथ वा घोडाहरूमा भरोसा गर्दैनौं, तर परमप्रभु हाम्रा परमेश्वरको नाउँमा भरोसा गर्छौं। भजनसंग्रह २०:७
हामी चेलापनको र गुणनात्मक बृद्दिको सेवा हौं।
चेलापनः दिदीबहिनीहरूलाई कसरी प्रार्थना गर्ने र परमेश्वरमा भरोसा गर्ने भनेर सिकाउनु।
गुणानात्मक बृद्धि: हरेक विद्यालयका लागि एउटा समूहले प्रार्थना गर्ने।
हामीलाई मम्स इन प्रेयरमा सेवा गर्न बोलाइएको छ।
हामी प्रेम र निष्ठाका साथ सेवकाइ र दर्शनको प्रतिनिधित्व गर्न जिम्मेवार छौँ।
हामीले बाइबलीय नारीत्व र यौन शुद्धताको उदाहरण प्रस्तुत गर्दै ईश्वरीय, दयालु, आलोचना नभएको भावनाको पालनपोषण, प्रोत्साहन र सुसज्जित गर्छौँ।
हामी दृढताका साथ विश्वास गर्छौँ र परमेश्वरद्वारा स्थापित, बाइबलीय विवाहलाई एक पुरुष र एक स्त्री बिचको करार सम्बन्धको रूपमा समर्थन गर्दछौँ।
हामीसँग एउटा सन्देश छ जसले दिदीबहिनीहरूलाई प्रोत्साहन र आशा दिन्छ।
हामी गोपनीयता कायम राख्छौँ – समूहमा जुन कुराको लागि प्रार्थना गरिन्छ त्यो समूहमा नै रहन्छ।
हामी बालबालिका र विद्यालयहरूको लागि प्रार्थना गर्छौँ।
हामी एक पैरवी गर्ने समूह होइनौ: भलै त्यसको कारण जतिसुकै योग्य किन नहोस्। बाह्य राजनीतिक र सामाजिक मुद्दाहरूमा व्यक्तिगत रूपमा मात्र सहभागिता जनाउनु पर्छ। कुनै पनि परिस्थितिमा मम्स इन प्रेयरको नाम बाहिरका मुद्दाहरूसँग प्रयोग गर्नु हुँदैन।
हामी हाम्रा आर्थिक सहयोगीहरूलाई ईश्वरसामु सत्य, शुद्धता र औचित्यको उच्चतम व्यावसायिक मापदण्डका साथ सञ्चार गर्नेछौँ।